# सबैको लघुवित्त वित्तीय संस्था लि.
# Sabaiko Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**Head Office :**
**Bandipur-1, Dumre, Tanahun**
**Phone: 065-580407/580427**


# Unaudited Financial Results (Quarterly)

## As at the end of 3rd Quarter (30/12/2078) of the fiscal year 2078/79 (2021/2022)

Rs in '000'

| S. No. | Particulars | This Quarter Ending 2078-12-30 | Previous Quarter Ending 2078-09-30 | Corresponding Previous Year Quarter Ending 2077-12-31 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **4,714,401** | **4,589,632** | **3,375,843** |
| 1.1 | Paid up Capital | 270,000 | 270,000 | 206,027 |
| 1.2 | Reserve and Surplus | 132,399 | 118,093 | 93,180 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 2,963,442 | 2,988,900 | 2,172,208 |
| 1.5 | **Deposits (a+b)** | **1,251,626** | **1,136,415** | **818,977** |
| | a. Member | 1,251,626 | 1,136,415 | 818,977 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | 30,659 | 24,508 | 33,973 |
| 1.7 | Other Liabilities | 66,276 | 51,716 | 51,478 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,714,401** | **4,589,632** | **3,375,843** |
| 2.1 | Cash and Bank Balance | 34,317 | 70,957 | 66,247 |
| 2.2 | Money at Call and Short Notice | 49,788 | 71,289 | 149,581 |
| 2.3 | Investments | 7,000 | 7,000 | - |
| 2.4 | Loans and Advances | **4,551,083** | **4,372,627** | **3,101,087** |
| 2.5 | Fixed Assets | 28,446 | 27,937 | 19,781 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 43,767 | 39,822 | 39,147 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 425,621 | 263,175 | 256,408 |
| 3.2 | Interest Expense | 233,837 | 130,002 | 110,039 |
| | ***A. Net Interest Income (3.1 - 3.2)*** | **191,784** | **133,174** | **146,369** |
| 3.3 | Fees, Commission and Discount | 2,157 | 561 | 2,348 |
| 3.4 | Other Operating Income | 62,437 | 43,868 | 51,987 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | ***B. Total Operating Income (A + 3.3 + 3.4 + 3.5)*** | **256,379** | **177,603** | **200,704** |
| 3.6 | Staff Expenses | 110,566 | 74,097 | 71,464 |
| 3.7 | Other Operating Expenses | 49,636 | 27,738 | 23,918 |
| | ***C. Operating Profit Before Provision (B - 3.6 - 3.7)*** | **96,177** | **75,768** | **105,321** |
| 3.8 | Provision for Possible Losses | 4,680 | 4,320 | 23,989 |
| | ***D. Operating Profit (C - 3.8)*** | **91,497** | **71,448** | **81,332** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 22,056 | 19,322 | 44,492 |
| | ***E. Profit From Regular Activities (D + 3.9 + 3.10)*** | **113,553** | **90,770** | **125,825** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - |
| | ***F. Profit before Bonus and Taxes (E + 3.11)*** | **113,553** | **90,770** | **125,825** |
| 3.12 | Provision for Staff Bonus | 11,355 | 9,077 | 12,582 |
| 3.13 | Provision for Tax | 30,659 | 24,508 | 33,973 |
| | ***G. Net Profit/ Loss (F - 3.12 - 3.13)*** | **71,538** | **57,185** | **79,270** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 8.59% | 8.59% | 9.45% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 1.33% | 1.34% | 1.61% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 66.33% | 72.27% | 89.30% |
| 4.4 | Cost of Funds | 8.07% | 6.92% | 6.03% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 366.84% | 388.54% | 384.19% |

**Note :** * The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.
* Operation started from Asadh 30, 2074

**Interest Rate**

| | |
|---|---|
| Client Deposit: 4% - 12% | Loans & Advance: 10% - 15% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
## २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
# आ.व. २०७८/७९ को तेश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण** :

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु** :

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|
| ३५.३३ | ३४.११ | १४९.०४ | १,७४६.०७ | ११.६४% |

२. **व्यवस्थापकीय विश्लेषण** :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : आ.व. २०७८/७९ को तेश्रो त्रैमासिक अवधीमा वित्तीय क्षेत्रमा देखिएको तरलताको अभावले गर्दा संस्थाले लिएको लक्ष अनुसारको ब्यवसाय विस्तार हुन सकेन । पछि खोलिएका १२ वटा नयाँ शाखाहरुमा अपेक्षाकृत कर्जा लगानी वृद्धि हुन नसकी प्रशासनिक खर्च केही बढेको र बैंक तथा वित्तीय संस्थाहरु सँग लिइएको कर्जाको व्याजदर क्रमसः वृद्धि हुँदै गएको कारण संस्थाको कुल आम्दानीमा प्रत्यक्ष प्रभाव परेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुंच अभिवृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले अघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका ७ वटै प्रदेशहरुमा ४३ जिल्लामा विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालयहरु मार्फत ७३,००० घरपरिवारमा गुणस्तरीय लघुवित्तीय कारोवार मार्फत सेवा दिदै आइरहेको छ । चालु आ.व. मा वित्तीय पहुँच कम पुगेका ग्रामिण क्षेत्रमा गुणात्मक रुपमा कार्यक्रम विस्तार गर्ने नीति रहेको छ ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : कोभिड-१९ को असर, वित्तीय श्रोतको परनिर्भरता, अपर्याप्तता, विपन्न वर्ग कर्जामा उच्च व्याजदर वृद्धि, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, एउटा संस्थाका कर्मचारी तथा ग्राहकहरु अर्को संस्थाले लाने प्रवृती बढेको आदि समस्याको कारण लक्ष अनुसार प्रगती हासिल गर्न चुनौती देखिएको छ । तर पनि उपरोक्त चुनौतीहरुको शुक्ष्म अध्ययन गरी संस्थाले नयाँ रणनीतिका साथ अगाडी बढ्ने नीति लिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियम कानुनको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यबस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्वद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण देहाय बमोजिम रहेको छ ।

| शेयरको अधिकतम् मुल्य | शेयरको न्युनतम् मुल्य | चैत्र मसान्तको अन्तिम मुल्य | कुल कारोबार भएको दिन | कूल कारोवार संख्या |
|---|---|---|---|---|
| १,६००।- | १,१७१।- | १,२०५।- | ५८ | २,२८४ |

५. **समस्या तथा चुनौती** :

क) विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जामा प्राप्त हुने लगानी योग्य रकमको अप्रयाप्तता,
ख) बैंक तथा वित्तीय संस्थाहरुले कर्जामा लिने व्याजदरमा अत्याधिक वृद्धि,
ग) ग्राहक सदस्यहरुलाई प्रदान गरेको कर्जाको नियमित साँवा र व्याज असुलीमा समस्या,
घ) लघुवित्त संस्थाहरुका ऋणी सदस्यहरुमा देखिएको कर्जाको दोहोरोपना,
ङ) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, दक्ष जनशक्तिको अभाव,
च) अप्रत्यासित रुपमा आइपर्ने प्राकृतिक प्रतिकुल अवस्था ।

६. **संस्थागत सुशासन** :

क) वित्तीय संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवं संस्थागत सुशासनका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यबस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धिकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ ।

ख) नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनहरुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन, २०६३, आयकर ऐन २०५८ लगायतका सम्बन्धित ऐन र कानूनको परिपालना गरिएको छ ।

ग) यस वित्तीय संस्थाले संस्था संचालनका लागि आवश्यक पर्ने विभिन्न बिनियमावली, कार्यविधीहरु बनाई लागु गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाउन आन्तरिक लेखापरीक्षण विभाग खडा गरी उक्त विभागबाट दिइएका सुझावहरुलाइ कार्यान्वयन गर्दै लगिएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।